मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


# हाट वजार ठेक्का बन्दोबस्त सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७८/०५/०८**

मरिण गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ को अनुसूची ५ मा भएको ब्यवस्था अनुसार यस गाउँपालिकाले देहाय बमोजिमका स्थानहरूवाट आन्तरिक कर संकलनको लागि मिति २०७८।०५।०५ को गाउँ कार्यपालिकाको बैठकले बहाल विटौरी (हाट वजार) कर उठाउन ठेक्का वन्दोवस्त गर्ने निर्णय गरेको हुँदा इच्छुक ब्यक्ति, फर्म वा संस्थाहरूले {स्थायी लेखा नम्वर (PAN) मा आबद्ध भएका} निम्नानुसारका शर्तहरूको अधीनमा रहि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शिलवन्दी प्रस्ताव पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना नं. | हाट बजार | वडा नं. | न्यूनतम कबोल रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १/०७८/८० | भालुमारा वजार | ०३ | ७०,०००।- (सत्तरी हजार मात्र) | |
| २/०७८/८० | बडिमुहान वजार | ०५ | ७०,०००।- (सत्तरी हजार मात्र) | |

**शर्त तथा बन्देजः**

१. इच्छुक योग्य ब्यक्ति, फर्म वा संस्थाहरुले रकम रू १,०००।- (अक्षरेपी एक हजार मात्र) दस्तुर वुझाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्ममा लिखित निवेदन दिएर ठेक्का सम्वन्धी कागजात खरिद गर्न सकिनेछ । ७ औं दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट फर्म खरिद गर्न सकिनेछ।

२. खरिद भएको ठेक्का सम्वन्धी कागजात सूचना प्रकाशित भएको मितिले आठौं दिनको १२:०० वजे सम्म शिलवन्दी गरी यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। तेकिएको समयमा दर्ता हुन आएका फर्महरू सोहि दिनको २:०० वजे कार्यालय समयमा खोलिनेछ । एउटा ब्यक्ति वा फर्मले खरिद गरेको ठेक्का सम्वन्धी कागजात अर्को ब्यक्ति वा फर्मले प्रयोग गर्न पाइने छैन।

३. फर्मको हकमा फर्म दर्ता तथा नवीकरणको प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र र आ.व. ०७७/७८ को कर चुक्ताको प्रमाण पत्र पेश गर्नु पर्नेछ। ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

४. ठेक्का परेको ब्यक्ति, फर्म वा संस्थाले कबोल अंकको ५० प्रतिशत रकम अग्रीम भुक्तानी गर्नु पर्नेछ र बाँकी ५० प्रतिशत रकम जेठ मसान्त सम्ममा जम्मा गरिसक्नु पर्नेछ।

५. अन्य प्रावधान प्रचलित कानून बमोजिम हुनेछ ।

२०७८।०५।०८

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**